आज मिति २०८०।०३।०९ गतेका दिन अपराह्न ५:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको २० औँ बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| अन्य उपस्थिति: | | | |
| १ | माधव कुमार जैसी | आधिकृत [illegible] | |
| २. | प्रयागराज खनाल | सचिवालय प्रमुख | |

**प्रस्ताव नं. १ आ.व. २०८०।०८१ को आर्थिक विधेयक, विनियोजन विधेयक र आय-व्यय विवरण सभामा पेश गर्ने सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८०, र आर्थिक वर्ष २०८०।०८१ को आय-व्यय (बजेट) नगर सर्वसम्मत रुपमा पारित गर्दै प्रस्तुत, छलफल तथा पारितका लागि मिति २०८० असार १० गतेको ११ औँ नगर सभा अधिवेशनको दोस्रो बैठकमा सिफारिस गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. २ जग्गा नापजाँचको प्राविधिक नर्म्स, RFP र ToR स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकामा रहेका भूमिहिन, दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नाप नक्सा कार्य तथा पुर्जा प्रमाणिकरणका लागि तयार भएको प्राविधिक मापदण्ड (Norms), Request For Proposal र Terms of Reference स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको विधेयक समितिद्वारा बैठकमा पेश हुन आएका तपशील अनुसारका कार्यविधि/योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपशील

१. लम्कीचुहा नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८०
२. लम्कीचुहा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधी, २०८०
३. लम्कीचुहा नगरपालिका विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (पहिलो अद्यावधिक), २०८०
४. लम्कीचुहा नगरपालिकाको आन्तरिक आय (ठेक्का) बन्दोबस्त सम्बन्धी नियमावली, २०८०

**प्रस्ताव नं. ४ रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकामा रहेको राष्ट्रिय भुमि आयोग स्थानीय सेवा केन्द्रमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनका लागि जग्गा धनी प्रमाण पुर्जा तयार गर्ने प्रयोजनार्थ नक्सा प्रिन्ट गर्नका लागि आवश्यक A0/A1 प्रिन्टर खरिद गर्न भूमि आयोग स्थानीय सेवा केन्द्रका लागि विनियोजित रकमबाट भूक्तानी हुने गरि रु. १० लाख रकम विनियोजन गर्ने निर्णय गरियो। साथै लम्कीचुहा नगरपालिका वडा नं. २ गणेशपुर स्थित राजहंश मत्स्य तथा बंगुर फर्मलाई पोखरी मर्मतका लागि पशु सेवा शाखाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत माछा पोखरी सुधार कार्यक्रमबाट रु २ लाख रकम उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ५ योजनाको म्याद थप सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा यस नगरपालिकामा संचालनमा रहेका तपशील बमोजिका योजनाहरुको कार्य तोकिएको समयमा विभिन्न कारण देखाई सम्पन्न गर्न नसकेको भनि नगरपालिकामा निवेदन तथा आवश्ययक कागजात पेश गरेकोमा प्राविधिकको राय सिफारीसको आधारमा २०८० साल जेठ मसान्तसम्म रहेकोमा उक्त योजनाहरुको म्याद मिति २०८० साल असार मसान्तसम्म थप गर्ने निर्णय पारित गरियो।

तपशील

| क्र.सं. | योजनाको नाम |
|---|---|
| १ | मोहनलाल नगर उद्यान निर्माण |
| २ | सेति लोकमार्ग देखि प्रतापपुर दक्षिण हुँदै वनवर्षा जाने सडक कालोपत्रे वडा नं. ९ |

**प्रस्ताव नं. ६ रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका वडा नं. ३ मा रहेको कर्णाली नदि पुल पारी रहेका अव्यवस्थित घर टहराहरु हटाई सुविधा सम्पन्न Riverside Refreshment Center निर्माण, लम्किचुहा नगरपालिका वडा नं. १ मा रहेको रिठाई काललाई पर्या पर्यटकिय क्षेत्रमा विकास र लम्कीचुहा (भल्का) अस्पतालको पूर्वाधार निर्माण गर्न आवश्यक प्राविधिक एवम् आर्थिक (ऋण एवम् अनुदान) सहयोगका लागि नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ खोलानालाको IEE को प्राविधिक नर्म्स, RFP र ToR स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका विभीन्न खोलाहरुबाट नदिजन्य पदार्थको उत्खनन तथा निकासी गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयार गर्नका लागि तयार भएको प्राविधिक मापदण्ड (Norms), Request For Proposal र Terms of Reference स्वीकृत गर्ने निर्णय गरियो, साथै उक्त IEE मा समावेश हुने गरि तपशिल अनुसारका साना खोलाहरुलाई देहायका खोला अन्तर्गत राखि IEE गर्ने निर्णय गरियो।

तपशील

१. चरेला खोलामा समावेश हुने गरि ढाँडे खोला र खहरे खोला
२. चोरी खोलामा समावेश हुने गरि रतनपानी खोला
३. रोरा खोलामा समावेश हुने गरि आमपानी खोला र बसुवा खोला

**प्रस्ताव नं. ८ रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम तर्जुमाका लागि मिति २०८०।०२।१९ गतेको कार्यपालिका निर्णय बमोजिम गठित समितिका पदाधिकारीहरु तथा आमन्त्रित सदस्यहरुलाई दैनिक रु. २,५००।– (अक्षरुपी दुई हजार पाँच सय मात्र) पारिश्रमिक उपलब्ध गराउने साथै यस लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका खोलाहरुबाट नदिजन्य पदार्थको उत्खनन तथा निकासीका कार्यहरु रोक्नका लागि लम्कीचुहा नगरपालिकाको कार्यालयका कार्यरत तपशिल अनुसारका कर्मचारीहरुलाई दैनिक खोलाहरुको अनुगमनका लागि खटाउने र निजहरुलाई खटिए वापत दैनिक ५०० (अक्षरुपी पाँच सय रुपैया मात्र) खाजा तथा खाना वापतको रकम उपलब्ध गराउने साथै निर्णय गरियो।

तपशिल

१. मनिराम खनाल
२. हिक्मत साउँद
३. निराजन बजगाई
४. भिमराज बजगाई
५. कमल सिंह साउँद
६. नृप टमट्टा

**प्रस्ताव नं. ९ सुरक्षित नागरिक आवास कार्यक्रमको रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत संचालित कार्यक्रम वडा नं. १, ४, ५ र ६ मा खरको छाना हटाई घर टहरा निर्माणका लागि पहिलो किस्ता वापतको प्रति परिवार रु. २० हजारका दरले उपलब्ध गराईसकिएकोमा हाल प्राविधीक प्रतिवेदन, फोटो तथा बिल भर्पाई अनुसार अन्तिम किस्ता वापत रु. ३० हजारका दरले तपशील अनुसारको वडाका देहायका बमोजिमको संख्याका घर परिवारलाई रकम उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

१. वडा नं. १ – ९६ वटा
२. वडा नं. ४ – ७१ वटा
३. वडा नं. ५ – ५८ वटा
४. वडा नं. ६ – ४९ वटा

**प्रस्ताव नं. १० ठेक्काको न्यूनतम कबोल अंक कायम गर्ने सम्बन्धमा।**

निर्णय नं. १०. प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आन्तरिक आय संकलन प्रयोजनार्थ आर्थिक वर्ष २०८०।०८१ का लागि लम्कीचुहा बसपार्क र कवाडी कर संकलनका लागि विद्युतीय माध्यमबाट ठेक्का आह्वान गर्दा बसपार्कमा पार्किङ शुल्कका लागि रु. ९ लाख र कवाडी कर संकलनका लागि रु. १० लाख न्यूनतम कबोल अंक कायम गरि ठेक्का गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणित